डा. डीआर उपाध्यायको चौधौं उपन्यास कृति 'कसुर' लोकार्पण

हिमालय टाइम्स
काठमाडौं, २५ साउन

विश्व कीर्तिमानी गीतकार तथा उपन्यासकार डा.डीआर उपाध्याय खनालको उपन्यास कृति 'कसुर' विमोचन गरिएको छ । बुधबार राजधानीमा एक विशेष सामारोहबीच डा.उपाध्यायको १४औं उपन्यास कृति 'कसुर' विमोचन गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि निर्देशक/लेखक तथा वशिष्ट कलाकार मोहन निरौला, गीतकार संघका निर्वतमान अध्यक्ष चुडामणि देवकोटा, अन्तर्राष्ट्रिय नेपाली समाजका पूर्वअध्यक्ष तथा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, गीतकार संघकार उपाध्याक्ष वसन्त वित्यासी थापा, स्रष्टा डा.उपाध्याय, कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठ, पुस्तकका सम्पादक कृष्ण भुसालले संयुक्त रूपमा कृतिको विमोचन गर्नुभएको थियो ।

उक्त कृतिमा संमीक्षात्मक टिप्पणी राख्दै श्रेष्ठले 'कसुर' सामाजिक उपन्यास रहेको बताउनुभयो । उहाँले हाम्रै समाजमा रहेका विभिन्न घटनाक्रमलाई स्रष्टा उपाध्यायले यो उपन्यासमार्फत उजागर गरेको बताउनुभयो । उपन्यासमा जनकपुरदेखि, काठमाडौंका विभिन्न ठाउँ र चीनसम्मका स्थान र पात्रलाई समावेश गरिएको भन्दै उपन्यासलाई पाठकले मन पराउनेमा आफू विश्वस्त रहेको जिकिर गर्नुभयो ।

यस्तै स्रष्टा लेकालीले कृतिमा सामाजिक विषयवस्तु रहेको र पछिल्लो समय शैक्षिक परामर्शको नाममा खुलेका 'कन्सल्ट् यान्सी'का बदमासीका बारेमा पनि उल्लेख गरेको बताउनुभयो । गीतकार देवकोटाले डा.उपाध्यायको मूल लेखन गीत नै भए पनि उहाँका लगातार उपन्यास पनि पाठकमाझ आइरहेको र डा.उपाध्याय बहुप्रतिभाका धनी रहेको धारणा राख्नुभयो । कार्यक्रमका प्रमुख अतिथि विशिष्ट कलाकार निरौलाले डा.उपाध्यायका कर्महरूको प्रशंसा गर्दै उहाँको लेखन कार्य अझ मौलाउँदै जाओस् भन्दै उपन्यास कसुर फिल्म बन्न सक्ने खालको कृति भएको टिप्पणी गर्नुभयो ।

स्रष्टा उपध्यायले लेख्दै जाँदा १४औं उपन्यास पाठकमाझ आइपुगेको बताउँदै नयाँ उपन्यासको तयारीमा पनि आफू रहेको जानकारी गराउनुभयो । डा.उपाध्यायले भन्नुभयो, 'बाल्यकालदेखि वृद्धावस्थासम्म जानी-नजानी व्यक्तिबाट अनेकौं कसुर हुने गर्दछन् । केही कसुरका लागि उसले सामान्यदेखि गम्भीर प्रकृतिका सजाय पाउने गर्छन भने केहीमा समाजले नजर अन्दाजसमेत गरिदिन्छ । तर, कुनै कसुर यस्ता हुन्छन् जसबाट जिन्दगीभर पश्चातापको आहालमा डुब्नुबाहेक अर्को विकल्प हुन्न । आधुनिक पुस्तामा महत्त्वकांक्षाको प्रवाह अत्यन्त तीव्र छ । यसलाई नियन्त्रित राख्दै प्रतिस्पर्धा गर्नेहरू जीवनको हरेक क्षेत्रमा सफलता हासिल गर्छन् । तर, चूक गर्नेहरूका सारा उपलब्धि एउटा गल्ती खेल खत्तममा परिणत हुन्छ', यस्तै यस्तै सेरोफेरोमा यो उपन्यास रहेको छ । उहाँले भन्नुभयो, 'कसुरले निश्चित रूपमा तपाईंको मन-मस्तिष्कमा मेरो प्रयासप्रति गहिरो स्नेहको बिरुवा रोप्ने आशा एवं विश्वास लिएको छ ।'

कार्यक्रमका अन्य अतिथिले डा.उपाध्यायलाई १४औं उपन्यास कृतिका लागि बधाई तथा शुभकामना दिँदै उपन्यासमा हाम्रो सामाजिक परिवेश, समाजमा घटने घटनाक्रम, माया प्रेम, दाजुभाइको ममता, घातअर्न्तघातका साथै सामाजिक सन्देश प्रस्तुत गरिएको बताएका थिए । नारायणप्रसाद भण्डारीको भाषाविन्यास रहेको यो कृतिलाई शिखा बुक्स बागबजारले प्रकाशन गरेको हो । ज्ञानज्योति बुक्स पब्लिकेशन प्रा.लि.वितरक रहेको १७२ पृष्ठको उपन्यास कसुरलाई पैंतीस खण्डमा विभाजन गरिएको छ ।

सञ्चारकर्मी नरेश भट्टराईले सहजीकरण गरेको कार्यक्रममा गीतसंगीत, चलचित्र, सहित्य र सञ्चार क्षेत्रका व्यक्तित्वहरूको बाक्लो उपस्थिति थियो । गीतसंगीत तथा विविधबाट डा.उपाध्यायले ११० विश्व रेकर्ड रेकर्ड कायम गर्नुभएको छ । यतिधेरै विश्व रकेर्ड कायम गर्ने डा.उपाध्याय पहिलो नेपाली सर्जक हुनुहुन्छ । कीर्तिमानी डा.उपाध्यायका २८ एल्बमका सयौं गीत श्रोता/दर्शकमाझ छन् । यस्तै, उहाँका यसअघि 'बज्रघात', 'त्यागी', 'भाग्यचक्र', 'अपवित्र छायाँ', 'स्वार्थी', 'बिटुली', 'अतिरिक्त', 'दगाबाज', 'अधुरो प्रेम', 'सपनाकी रानी', 'कफी लभ', 'मेरी प्रिया' र भाइरस लभ जस्ता उपन्यास पाठकमाझ आएका छन् ।

'काँडेतार' लाई शीर्ष नेताहरूद्वारा शुभकामना

हिमालय टाइम्स
काठमाडौं, २५ साउन

चलचित्र 'काँडेतार'लाई विभिन्न दलका शीर्ष नेताहरूद्वारा शुभकामना दिनुभएको छ । बुधबार राजधानीमा आयोजना गरिएको 'चलचित्र काँडेतार, नेपाल र छिमेकीसँगको सम्मुनत सम्बन्धको लागि प्रस्तावना' भन्ने कार्यक्रममा उनीहरूले शुभकामना दिनुभएको हो । कार्यक्रममा बोल्ने वक्ताहरू एमाले नेता डा.भीमबहादुर रावल, माओवादी केन्द्रका नेता देवप्रसाद गुरुङ, कांग्रेस नेता रामहरि खतिवडा र नेकपा (एकीकृत समाजवादी) का नेता जगन्नाथ खतिवडाले उक्त चलचित्रको सफलताको कामना गर्नुभएको थियो ।

काँडेतारका नायक तथा निर्माता नवल खड्काले आफूहरूले देशको सिमाना रक्षाका लागि चलचित्र बनाएको र वर्षौंदेखि अभियान चलाउँदै आएको बताउनुभयो । उहाँले खुला सिमाना नेपालका लागि घातक छ भन्ने कुरा घामजत्तिकै छर्लङ भएको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, 'काँडेतार चलचित्र बनिसकेको छ । देशभक्तिपूर्ण चलचित्र बनाउँदा राज्यबाट पाउनुपर्ने साथ र सहयोग पाएका छैनौं । दशगजा, भीमदत्तजस्ता चलचित्रमा सेन्सर लगाउने काम भएको थियो ।

देशभक्तहरूमाथि प्रहार हुने गरेको छ । पुर्खाहरूले लडेर जोगाएको भूमि हामीले जोगाउनुपर्छ । यदि हामीले समयममै यी कुरा समाधान गर्न सकेनौं भने हाम्रो नियती प्यालेस्टाइनजस्तो हुन्छ । समुन्द्र नभएका देशहरूले काँडेतार लगाएका छन् । सिमानामा काँडेतार नहुँदा कोरोनाकालमा महामारी छिर्ने सुरुङमार्ग भयो । यो चलचित्र जनजनमा पुग्नुपर्छ । यो प्रस्तावलाई चलचित्र हेरेर अनुमोदन गर्नुपर्छ ।' कार्यक्रमको सञ्चालन पत्रकार नारायण शर्माले गर्नुभएको थियो । उहाँले भारतसँगको सिमानामा काँडेतार लगाउनुपर्छ भनेर देशभक्तिपूर्ण भावका साथ चलचित्र नायक तथा सामाजिक अभियन्ता नवल खड्काको 'सिमानामा काँडेतार' पहलकदमी चलिरहेको बताउनुभयो । कार्यक्रमको समन्वय गायिका सत्यकला राईले गर्नुभएको थियो ।

राजु र सरस्वतीको 'बरि लै' सावनिक

हिमालय टाइम्स
काठमाडौं, २५ साउन

राजु परियार, सरस्वती उप्रेती, हीरा सुनार, मुना मगरको स्वरमा रहेको गीत 'बरि लै' सार्वजनिक भएको छ । राजुकै संगीत, राजु सापकोटाको शब्द, नारायण दंगालको एरेन्ज रहेको गीतको भिडियो सार्वजनिक भएको हो ।

मिलन श्रेष्ठको निर्देशन रहेको गीतको भिडियोमा राजु सापकोटा, निहारिका थापा, लक्ष्मण बस्नेत, सिर्जना किराती, लीलाराम बानियाँ, रुपेश श्रेष्ठ, दीक्षा घिमिरे, रूपा तिमल्सिना, सुमन श्रेष्ठ फिचरिङ गरिएको छ । सन्तोष तिमल्सिनाको छायांकन रहेको भिडियोमा ओएसआर डिजिटलमार्फत सार्वजनिक गरिएको हो ।

थुम्केलीद्वारा लिखित 'लोक कलाकार जीवनी' विमोचन

हिमालय टाइम्स
काठमाडौं, २५ साउन

कलाकार तथा कलालेखक देवेन्द्र थुम्केलीद्वारा लिखित 'लोक कलाकार जीवनी' पुस्तक विमोचन भएको छ । नक्सालस्थित नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा मंगलबार उक्त कृतिको प्रतिष्ठानका कुलपति केके कर्माचार्यले विमोचन गर्नुभएको हो । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको लोककला विभागले प्रकाशन गरेको उक्त कृतिमा नेपालमा प्रचलित विभिन्न लोककलामा काम गर्ने एक दर्जन बढी कलाकारको जीवनी समेटिएको छ ।

पुस्तकका लेखक थुम्केलीले पुस्तकमा नेवार, अवधी, मिथिला, थारू र राजवंशी लोककलामा काम गर्ने कलाकारका बारेमा लेखिएको बताउनुभयो । उहाँले नेपाली लोककला क्षेत्रमा विशिष्ट कलाकार धेरै भए पनि एउटा पुस्तकमा सबैलाई स्थान दिन नसकिएको जनाउनुभयो । थुम्केलीले आगामी संस्करणमा लोक कलाकारका बारेमा कलम चलाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

पुस्तकमा शारदा चित्रकार, जीतबहादुर रायमाझी 'मैथिल', जुलुमलाल चित्रकार, सूर्यबहादुर चित्रकार, श्यामानन्द ठकुरी, अजितकुमार साह, मिथिलादेवी यादव, एससी समुन, सीतादेवी कर्ण, लक्ष्मण मण्डल, पवनकुमार राजवंशी, पुनमकुमारी दास र मित्थु थारूको जीवनीसहित कलाकृतिको चर्चा गरिएको छ ।

नितिश कुमारद्वारा आठौं पटक विहारको मुख्यमन्त्रीको शपथ

एजेन्सी
पटना, २५ साउन

नितिश कुमारले आठौं पटक विहारको मुख्यमन्त्रीको शपथ लिनुभएको छ । बुधबार राजभवनमा आयोजित एक कार्यक्रममा बिहारका राज्यपाल फागु चौहानले उहाँलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको हो ।

एक दिनअघि, नितिश कुमारले एनडीए गठबन्धनसँग सम्बन्ध तोड्दै मुख्यमन्त्री पदबाट राजीनामा दिनुभएको थियो । त्यसपछि उहाँले राष्ट्रिय जनता दलसँग मिलेर नयाँ सरकार बनाउने दाबी गर्नुभएको थियो । नितिश कुमारले १६५ विधायकको समर्थन रहेको दाबी गर्नुभएको थियो । सन् २०२० को विधानसभा चुनावमा नितिश कुमारले बीजेपीसँग चुनाव लडनुभएको थियो । तर, पछिल्ला केही दिनदेखि यी दुई पार्टीबीचको मतभेद खुलेर बाहिर आउन थालेको थियो ।

चिनियाँ सेनाले नियमित गस्ती गर्ने

एजेन्सी/बेइजिङ । चीनको सेनाले ताइवान वरिपरि 'विभिन्न कार्य पूरा गरिसकेको' भन्दै अब नियमित गस्ती गर्ने बताएको छ । चीनको उक्त कार्यले सम्भावित युद्ध खेलको अन्त्यको संकेत गरे पनि बेइजिङले टापुमाथि दबाव जारी राख्ने बेलायती समाचार संस्था रोयटर्सको टिप्पणी छ ।

अमेरिकी सभामुख न्यान्सी पेलोसीको गत हप्ता ताइपेईको भ्रमणपछि आक्रोशित बनेको चीनले स्वशासित टापुको वरिपरि आफ्नो सबैभन्दा ठूलो अभ्यासलाई मूल रूपमा निर्धारित चार दिनभन्दा बढी गरेको थियो । चीनले एउटा संक्षिप्त वक्तव्य जारी गर्दै ठूलो सैन्य अभ्यास समाप्त भएको जानकारी दिएको छ ।

प्रदेश सरकार
खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
धनकुटा

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७९/०४/२६

यस कार्यालयबाट चालु आर्थिक वर्ष २०७९/८० मा संचालित बिभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरूको लागि आवश्यक पर्ने जि.आई.पाईप, फिटिङ्गस तथा नेपाल गुणस्तर चिन्ह NS प्राप्त गुणस्तरीय PE-100 PN एच.डि.पि.पाईप बोलपत्रबाट (E-Bidding) खरीद गर्नुपर्ने भएकोले निर्माण सामाग्रीहरू उत्पादक तथा आधिकारीक बिक्रेताहरूबाट तपसिल बमोजिमका शर्तहरूको अधिनमा रहने गरी बोलपत्र (E-Bidding) आव्हान गरिन्छ ।

(१) बोलपत्र फारम रू.३०००। को दरले यस कार्यालयको (कोड ३३७०५०६०११) रा.वा.बैंक राजश्व खाता नं. १०००१००२०१०१०००१ (राजश्व शिर्षक नं. १४२२९) मा जम्मा गरी (फिर्ता नहुने गरी) सक्कल भौचर यस कार्यालयमा पेश गरी खरीद गर्न सकिने छ । सो खरीदको लागि आ.ब.२०७९/८० को लागि नविकरण भएको इजाजतपत्र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब.०७७/०७८ को कर चुक्ता गरेको प्रमाणपत्र एच.डि.पी. पाईपको हकमा नेपाल गुणस्तर चिन्ह NS-40 इजाजतको प्रमाणित प्रतिलिपी, व्यवसाय दर्ताको इजाजत पत्र, स्थायी लेखा नं.(प्यान) दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, बोलपत्रदाता फर्म/कम्पनी को Power of Attorney letter समेत संलग्न गरेको हुनु पर्नेछ ।

(२) बोलपत्र फारम सूचना प्रकाशित गरेको ३० औं दिन सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ र खरिद गरेको बोलपत्र फारम ३१ औं दिनको १२.०० बजे सम्म दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका बोलपत्र ३१ औं दिनको २.०० बजे कर्मचारी प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

(३) बोलपत्र जमानत वापत तल उल्लेखित रकम बराबर यस कार्यलयको नाममा प्रचलित कानुन बामोजिम बैक ग्यारेटी जारी गर्न ईजाजत प्राप्त वाणिज्य बैक वा वित्तिय संस्थाबाट जारी भएको बोलपत्र जमानत वा प्रदेश लेखा ईकाई कार्यलय धनकुटाको रा.वा.बैंक. धनकुटा स्थित धरौटी खाता नं. २०१०१००२०२०३०००० (यस कार्यलयको कोड नं. ३३७०५०६०११) मा जम्मा गरी बैक भौचर पेश गर्नुपर्ने छ । बोलपत्र जमानतको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० (एक सय बिस) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पीरीयड) भएको हुनु पर्नेछ ।

(४) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने, खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस पश्चात कार्यालय खुलेको दिन, निर्धारित समय र स्थानमा गरिने छ । यस्तो अवस्थामा बोलपत्र जमानत र बोलपत्रको मान्य अवधिको गणना साविककै मिति बाट गरिनेछ ।

(५) बोलपत्र दर उल्लेख गर्दा VAT बाहेकको दर उल्लेख गर्नुपर्ने छ । आपुर्ति गरीने मालसामान सम्झौता भएको मितिले ३० दिन भित्र आपुर्ति गरी सक्नुपर्ने छ ।

(६) बोलपत्र खोल्ने, स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

(७) उपरोक्त बाहेक अन्य कुरा सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ हुनेछ । अन्य जानकारी आवश्यक परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ । यस सूचना संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरीने छ ।

तपसिल

क्र.सं.	ठेक्का नं.	कामको विवरण	बैंक ग्यारेन्टी	कैफियत
१	१/०७९-८०	धनकुटा जिल्लाको लागी एच.डि.पी.पाईप PE-100 PN खरीद र ढुवानी	३,५३,०००।-	E-Bidding
२	२/०७९-८०	धनकुटा जिल्लाको लागी जि.आई पाइप र फिटिङ्स खरीद र ढुवानी	२,५०,०००।-	E-Bidding
३	३/०७९-८०	तेह्रथूम जिल्लाको लागी एच.डि.पी.पाईप PE-100 PN खरीद र ढुवानी	२,०५,०००।-	E-Bidding
४	४/०७९-८०	तेह्रथूम जिल्लाको लागी जि.आई पाइप र फिटिङ्स खरीद र ढुवानी	१,००,०००।-	E-Bidding

नि.डिभिजन प्रमुख

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जितपुर, धनकुटा
१ नं. प्रदेश नेपाल

करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२६)

यस कार्यालयको लागि आवश्यक देहाय बमोजिमका पदहरुमा सेवा करारमा लिनुपर्ने भएको हुँदा योग्यता पुगेका योग्य ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिनुहुन अनुरोध छ ।

क्र सं	विज्ञापन नं	पद	तह	संख्या	न्यूनतम योग्यता	मासिक पारिश्रमिक
१	२/०७९/०८०	मेडिकल अधिकृत	अधिकृत आठौं	१(एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उर्तिण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको	नेपाल सरकारको नियमानुसार
२	३/०७९/०८०	पशु चिकित्सक	अधिकृत सातौं	१(एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट BVSC & AH उर्तिण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको ।	
३	४/०७९/०८०	ईन्जिनियर	छैटौं	१(एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा वि.ई. वा सो सरह उर्तिण ।	
४	५/०७९/०८०	सव-ईन्जिनियर (सिभिल)	पाचौं	१(एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उर्तिण ।	
५	६/०७९/०८०	कृषि सहायक	पाचौं	१(एक)	मान्यताप्राप्त शिक्षण संस्थावाट वालि विज्ञानमा I.SC. Ag (३ वर्षे) वा सो सरह उत्तिर्ण	
६	७/०७९/०८०	कम्प्यूटर अपरेटर	पाचौं	१(एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उर्तिण र रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्यूटर तालिम प्राप्त ।	
७	८/०७९/०८०	प.हे.न.	पाचौं	१(एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उर्तीण र सम्बन्धित काउन्सिलमा दर्ता भएको ।	
८	९/०७९/०८०	हे.अ.	पाचौं	१(एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट उत्तिर्ण वा सो सरह र काउन्सिलमा दर्ता भएको ।	
९	१०/०७९/०८०	ना.प्रा.स.	चौथो	१(एक)	मान्यताप्राप्त शिक्षण संस्थावाट कृषिमा JTA वा सो सरह उत्तिर्ण	
१०	११/०७९/०८०	ना.प.से.प्रा.	चौथो	१(एक)	मान्यताप्राप्त शिक्षण संस्थावाट पशु विज्ञानमा JTA वा सो सरह उत्तिर्ण	
११	१२/०७९/०८०	अनमी (२४ घण्टे)	चौथो	१(एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी उत्तिर्ण वा सो सरह र काउन्सिलमा दर्ता भएको	

१. **उमेरः**
- **स्वास्थ्य सेवा तर्फ** : दरखास्त फारम भर्ने अन्तिम मितिसम्म अधिकृत स्तरको लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र सहायक स्तर तर्फ १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।
- **अन्य सेवा तर्फ** : दरखास्त फारम भर्ने अन्तिम मितिसम्म अधिकृत स्तरको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने ।

२. **दरखास्त दिने स्थान** : महालक्ष्मी नगरपालिकाको कार्यालय, जितपुर, धनकुटा ।
३. **दरखास्त दिने अन्तिम मिति** : २०७९/०५/०९ गते कार्यालय समयभित्र ।
४. **आवेदनको दस्तुर** : अधिकृत स्तरको लागि रु १०००/- (एक हजार मात्र) र सहायक स्तरको लागि रु ४००/- (चार सय मात्र) राष्ट्रिय बाणिज्य बैंक, जितपुर शाखा, धनकुटामा रहेको महालक्ष्मी न.पा. आन्तरिक राजश्व खाता २३५०१००३०१०१०००३ मा जम्मा गरी भौचर पेश गर्नुपर्नेछ। राजश्व संकेत शिर्षक नं. १४२२४ र कार्यालयको कोड नं. ८०१०१०६०३ ।
५. **छनौटको किसिम** : लिखित परीक्षा र अन्तर्वार्ता साथै प्रयोगात्मक परीक्षा हुने पदहरुमा प्रयोगात्मक परिक्षा समेत हुने ।
६. **आवेदन साथ संलग्न कागजातहरु :**
क) नागरिकता । ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र । ग) चारित्रिक प्रमाणपत्र ।
घ) तालिमको प्रमाणपत्र । ङ) अनुभव भए सो को कागजात । च) २ प्रति पासपोर्ट साईजको फोटो ।
७. **सेवा सुविधा तथा अन्यः** करार सम्झौता बमोजिम ।
८. **सम्पर्क मितिः** २०७९/०५/१० गते ।
९. दरखास्त फारम महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, जितपुर, धनकुटाबाट लिन सकिनेछ ।थप जानकारीका लागि यस कार्यालयको प्रशासन शाखाः ९८५११७३००५ मा सम्पर्क राख सकिनेछ ।